बैठक संख्या १६

आज मिति २०८३/०१/३१ गते विहीवारका दिन यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको सोह्रौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | रन्जन न्यौपाने | प्राविधिक शाखा प्रमुख | R. Ranjan |
| २. | विक्रम बस्नेत | योजना शाखा प्रमुख | [signature] |
| ३. | दिल [illegible] कुमाल | सं. इ. अ. | [signature] |
| ४. | लक्ष्मी पाण्डे | का. स. | लक्ष्मी |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |
| १८. | | | |
| १९. | | | |
| २०. | | | |

## सोह्रौं कार्यपालिका बैठकका प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।
३. करदाता सेवा सञ्चालन गर्ने सम्बन्धमा
४. छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा
५. नदि जन्य सामग्री माग सम्बन्धमा ।
६. आर्थिक सहायता सम्बन्धमा ।

### निर्णयहरुः-

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा पन्ध्रौं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

क) रामपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक बजेट तथा मध्यमकालिन खर्च संरचना निर्माणको चरण अन्तर्गत चालु आ.व. को वार्षिक समिक्षा सम्पन्न गरियो । साथै योजना तर्जुमाको चरण अनुसार योजना निर्माण प्रक्रियामा रहेको निर्णय गरियो।

ख) विभिन्न संघ/संस्था/व्यक्तिबाट आएका निवेदन उपर कार्यपालिकाले गरेको निर्णयानुसार आवश्यक कार्वाही गरियो ।

२. निर्णय नं.२, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य, आर्थिक तथा प्रशासनिक गतिविधिमा पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता अभिवृद्धि गर्ने उद्देश्यले जेठ महिनामा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

३. निर्णय नं.३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाका नागरिकलाई कर सम्बन्धी सेवा सहज, सरल तथा पहुँचयोग्य बनाउने उद्देश्यले आन्तरिक राजस्व विभाग अन्तर्गतको करदाता सेवा कार्यालयसँग समन्वय गरी नगरपालिकाबाट नै करदाता सेवा सञ्चालन गर्ने निर्णय गरियो। उक्त सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको क्षमता विकास तथा अन्य व्यवस्थापनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने निर्णय समेत गरियो ।

४. निर्णय नं.४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा वन तथा वातावरण क्षेत्रको दक्ष जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले रामपुर नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने तथा निर्धारित मापदण्ड

पूरा गरेका डिप्लोमा तहमा Forestry विषय अध्ययनरत गरिब तथा जेहेन्दार ५ (पाँच) जना विद्यार्थीलाई बार्षिक रु. २५,००० का दरले छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

५. निर्णय नं.५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलका निर्माण व्यवसायीहरूले निर्माण कार्यका लागि आवश्यक नदीजन्य निर्माण सामग्री माग गरे अनुसार प्रचलित कानून, वातावरणीय मापदण्ड तथा स्वीकृत कार्यविधिको अधीनमा रही नगरपालिकाले तोकेका विभिन्न घाटबाट आवश्यक नदीजन्य सामग्री उत्खनन तथा संकलन गर्न अनुमति प्रदान गर्ने र सो वापत निर्धारित दर अनुसार राजश्व बुझाई सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

क. सक्षम मनकामना कन्स्ट्रक्सन प्रा.लि. ले रामपुर नगरपालिकासँग सम्झौता भई कार्यान्वयन भई रहेको रातमाटा देखि जिरो सम्मको मोटर बाटो कालोपत्रे र कालीआँप चोक देखि विजयपुर बजार सम्म मोटर बाटो स्तरोन्नती योजनाको प्रयोजनार्थ ५०० घ.मि. नदिजन्य सामग्री हेभी मेसिन प्रयोग गरी उत्खनन् गर्न माग भई आएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको भलायटार घाटबाट ५०० घ.मि. निर्माणजन्य सामग्री नियमानुसार राजश्व दाखिला गरी नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

ख. श्री बस्नेत/जन्मभूमि/सुनिर जे.भी.ले सडक डिभिजन कार्यालय, पाल्पा बिच सम्झौता भई संचालनमा रहेको ठेक्का न .RDPLP/337011764/082/83/38, रामपुर-मित्याल-अरुणखोला सडक खण्ड स्तरोन्नती योजनका लागि आवश्यक पर्ने १४०० घ.मि. नदिजन्य निर्माण सामग्री हेभी मेसिन प्रयोग गरी उक्त कार्यालय तथा निर्माण व्यवसायीबाट माग भई आएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको भलायटार घाटबाट १४००

घ.मि. निर्माणजन्य सामग्री नियमानुसार राजश्व दाखिला गरी नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

ग. कस्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. ले सडक डिभिजन कार्यालय, तानसेनसँग सम्झौता भई कार्यान्वयन भई रहेको ठेक्का न. DROPLP/337011764/079/80/02 (Re), Roadway Excavation, Structural Works and Bituminous Pavement Works on Keladi Panthe Sahalkot-Jhyalbas Road, योजनाको प्रयोजनार्थ २००० घ.मि. नदिजन्य पदार्थ हेभी मेसिन प्रयोग गरी उत्खनन् गर्न माग भई आएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको मठार घाटबाट २००० घ.मि. निर्माणजन्य सामग्री नियमानुसार राजश्व दाखिला गरी नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

घ. कुशल कन्स्ट्रक्सन प्रा.लि. ले रामपुर नगरपालिकासँग सम्झौता भई कार्यान्वयन भई रहेको कालीगण्डकी ट्रेकिङ्ग तथा साइकलिङ कोरिडोर निर्माण योजनाको प्रयोजनार्थ ५०० घ.मि. नदिजन्य पदार्थ हेभी मेसिन प्रयोग गरी उत्खनन् गर्न माग भई आएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि कामदार तथा हेभी मेसिन प्रयोग गरी प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको र केलादी र भलायटार घाटबाट ५०० घ.मी. निर्माणजन्य सामग्री नियमानुसार राजश्व दाखिला गरी नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

ङ. डि.कैलाश कन्स्ट्रक्सन प्रा.लि. ले सडक पूर्वाधार कार्यालयसँग सम्झौता भई रामपुर नगरपालिका वडा नं. २ र ३ मा कार्यान्वयन हुने विभिन्न योजनाको प्रयोजनार्थ ६०० घ.मि. नदिजन्य पदार्थ हेभी मेसिन प्रयोग गरी उत्खनन् गर्न माग भई आएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा

प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको खयरबोट घाटबाट ६०० घ.मी. निर्माणजन्य सामग्री नियमानुसार राजश्व दाखिला गरी नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

च. रायमाझी खोल्सी संरक्षण समितिले जलाधार व्यवस्थापन केन्द्र गण्डकीसँग सम्झौता गरी रायमाझी खोल्सी संरक्षण योजनाका लागि ४० ट्रिप ट्रयाक्टर ढुङ्गाजन्य निर्माण सामग्री माग भई आएकोले नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको केलादी घाट रा.न.पा-३, पाल्पाबाट प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

छ. Sharma/ United Builders/ Raman J/V ले मिति २०८३/०१/३० गते पेश गरेको पत्र अनुसार उक्त कार्यालय र संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टर पोखरा सँग सम्झौता गरी पुट्टारघाट तनहु र पाल्पा जोड्ने पक्की पुलको रिबेर ट्रेनिंग वोर्क निर्माणका लागि ७०० घन मिटर ढुङ्गाजन्य निर्माण सामग्री माग भई आएकोलेढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको छपौदी घाट रा.न.पा-१, पाल्पाबाट ३०० घन मिटर र टापुधाम खटाङ घाट रा.न.पा-१, पाल्पाबाट ४०० घन मिटर गरी जम्मा ७०० घन मिटर प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

ज. रामपुर नगरपालिका वडा नं. १ अन्तर्गतको ठूलोवेशी ठूलो कुलो योजना निर्माणको लागि ७० घ.मी. ढुङ्गा, गिट्टी, बालुवा आवश्यक परेको हुँदा टापुधामबाट आवश्यक रोयल्टी लिइ निकासी गर्ने व्यवस्था मिलाइदिनुहुन भनी ठूलोवेशी ठूलो कुलो आयोजनाका अध्यक्षले निवेदन पेश गरेकोमा नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको टापुधाम घाट, रा.न.पा -१, पाल्पाबाट प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

६.निर्णय नं.६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | भुक्तानी पाउने व्यक्ति /संस्थाको नाम | ठेगाना | विवरण | शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | नुन बहादुर राना | रामपुर-१०, पाल्पा | दुवै आँखामा शल्यकिया गर्नु पर्ने | विपद् व्यवस्थापन खर्च शीर्षक | रु २५,०००/-(रु पच्चिस हजार) |
| २ | मनिष खाँण | रामपुर-१, पाल्पा | निजको बुबाको मृत्यु काजकिया खर्च | विपद् व्यवस्थापन खर्च शीर्षक | रु १२,०००/-(रु बाह हजार मात्र) |
| ३ | जोग मोहोन श्रेष्ठ | रामपुर ८ | निजको दुवै छोरा आगोमा परी निधन भएको काजकिया खर्च | विपद् व्यवस्थापन खर्च शीर्षक | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ४ | हफि जुल्ला मिया | रामपुर ४ | निज प्रेसरले हानी उपचारत रहेको | विपद् व्यवस्थापन खर्च शीर्षक | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ५ | गुड्डु माया नेपाली | रामपुर ६ | निजको छोरा डाइलसिस गराइ रहेको | विपद् व्यवस्थापन खर्च शीर्षक | रु १२,०००/-(रु बाह हजार मात्र) |
| ६ | विमला कुवँर विटालु | रामपुर १० | पाठेघरमा समस्या देखि शल्यकिया गर्नु पर्ने | विपद् व्यवस्थापन खर्च शीर्षक | रु १२,०००/-(रु बाह हजार मात्र) |
| ७ | जनविकास माध्यमिक विद्यालय | रामपुर ३ | कुलोको पानीले खोलेर क्षति पुर्याएको विद्यालयमा सपोट पर्खाल लगाउन | विपद् व्यवस्थापन खर्च शीर्षक | रु २०,०००/-(रु विस हजार मात्र) |
| ८ | बिजयपुर पूर्व डहर ह्युमपाइप जडान | रामपुर ६ | यातायत सहज बनाउन | नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षक | रु १०,०००/-(रु दश हजार मात्र) |
| ९ | बेले आँप गैटार पश्चिम मो.बा. | रामपुर ७ कटान | उक्त मोटरबाटो ग्राबेल गर्नु पर्ने | नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षक | रु २५,०००/-(रु पच्चिस हजार मात्र) |
| १० | सन्दिप पोखेल | रामपुर-७ | आत्महत्या सम्बन्धी अध्ययन अनुसन्धान गर्ने | विभिन्न शैक्षिक अध्ययन अनुसान्धान | रु ३०,०००/-(रु तिस हजार मात्र) |
| ११ | ब्रह्म कुमारी ईश्वरी विश्व विद्यालय | रामपुर ५ | ५ दिवसिय श्रमद्रागवत गिता महायज्ञ सञ्चालन खर्च | विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च | रु २०,०००/-(रु विस हजार मात्र) |
| १२ | रानाटोलबाट पश्चिम तर्फको बाटो निर्माण कार्य | रामपुर ५ | रानाटोलबाट पश्चिम तर्फको बाटो हिलो भई आवतजावतमा समस्या | नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षक | रु २२०००/-(रु बाइस हजार मात्र) |

७.निर्णय नं.७, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर फाँट सिंचाई योजनाको निर्माण कार्य गर्नका लागि ECO Builders-Pandey-Eco J.V. ले यस रामपुर नगरपालिका वडा नं. ३ अन्तर्गत रहेको निस्दी खोलाको मठारघाट र खयरबोट घाटबाट उक्त रामपुर फाँट सिंचाई योजनाको निर्माण कार्य गर्नका लागि हाललाई थप आवश्यक पर्ने ५०० घन मि.गिट्टी तथा बालुवा जस्ता सामाग्री मेसिन प्रयोग गरेर झिक्न पाउँ भनि यस वडा कार्यालयमा रामपुर फाँट सिंचाई योजना जल उपभोक्ता समन्वय समितिको निर्णय सहित पत्र प्राप्त भएकोले गिटी तथा बालुवा जस्ता सामग्री मेसिन प्रयोग गरी झिक्ने व्यवस्था मिलाईदिनुहुन भनि ३ नं. वडा कार्यालय च.नं. १४३२, पत्र संख्या २०८२/०८३, मिति २०८३/०१/३० गतेको पत्र प्राप्त भएकोमा आएकोलेढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको खयरबोट/भलायटारघाट रा.न.पा २ र ३, पाल्पाबाट ५०० घन मिटर प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

८.निर्णय नं.८, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ९ को कार्यालयमा हाल कार्यालय सहयोगी पदमा कर्मचारी रिक्त भएकोमा उक्त कार्य गर्नका लाग १ (एक) जना कार्यालय सहयोगी लाई दैनिक ज्यालादारीमा कामकाजमा खटाउने तथा निजलाई जिल्ला दररेट निर्धारण समिति, पाल्पाले चालु आर्थिक वर्षका २०८२/०८३ का लागि निर्धारण गरेको अदक्ष श्रमिकको दैनिक ज्याला दर रकम रु ७४५ बमोजिम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

९.निर्णय नं.९, प्रस्ताव नं. ६ माथि छलफल गर्दा Asmemayara Construction Pvt. Ltd. को च.नं. १९, पत्र संख्या २०८२/०८३ मिति २०८३/०१/३० गतेको पत्रानुसार यस कार्यालयले आवहान गरेको ठेक्का नं. RMO/WORK/NCB/33/082/083 को हरित मार्ग कालो पत्रेको लागि आवश्यक पर्ने वेस बापत लाग्ने राजस्व नियमानुसार बुझाइ ६०० घ.मी. बेस हेभि इक्वेयपमेन्ट प्रयोग गरी प्रयोग गर्न पाउ भनि निवेदन पेश भई आएकोमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको खयरबोटघाट रा.न.पा २ र ३, पाल्पाबाट ६०० घन मिटर प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ६ माथि छलफल गर्दा ब्रदर्श कन्ट्रयाक्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८३/०१/३० गतेको पत्रानुसार रामपुर नगरपालिकासँग सम्झौता गरी सडक बोर्ड मर्मत कार्य गर्न आवश्यक २०० घ.मी. ढुङ्गा गिट्टी बालुवा भलायटारघाटबाट हेभी इक्पेमेन्ट प्रयोग गरी नियमानुसार राजस्व लिइ गिट्टी बालुवा ढुङ्गा उपलब्ध गराइदिनका लागि निवेदन पेश गरेकोमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको भलायटार घाट रा.न.पा-२,३ पाल्पाबाट २०० घन मिटर प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ६ माथि छलफल गर्दा कुशल कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८३/०१/३० गतेको पत्रानुसार यस कार्यालयको ठेक्का नं. RMO/WORK/NCB/44/082/083(RE) को निर्माण सामग्री २०० घ.मी. अपुग भएकोले आवश्यक पर्ने निर्माण सामग्री उपलब्ध गराइदिनुहुन भनी निवेदन पेश गरेकोमा नियमानुसार राजस्व दाखिला गरी ईलाका प्रहरी कार्यालय, नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख र निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको केलादी घाट रा.न.पा -३, पाल्पाबाट प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

२. निर्णय नं. १२, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ८ स्थित निसर्दी ोलुङ्गे पुल जाने बाटो मर्मत कार्य गर्न अत्यन्त आवश्यक भएकोले नगरस्तरीय निर्माण शीर्षकबाट रु १,००,०००/-(रु एक लाख) भुक्तानी हुने गरी उक्त कार्य गर्ने निर्णय गरियो ।